नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)
## कार्यक्रम समन्वय इकाई

प. सं :- ०७४/७५
च. नं. :- ९२६

सिंहदरवार, काठमाण्डौ ।

मितिः २०७४।०७।१७

श्री महा/उपमहा/नगरपालिकाको कार्यालय (सबै)
श्री गाउँपालिकाको कार्यालय (सबै) ।

विषयः **सूचना प्रविधि अधिकृतको करार सेवा सम्बन्धमा।**

स्थानीय तहहरुलाई सूचना प्रविधियुक्त बनाई सेवा प्रवाहसँग आवद्ध गर्ने गरी सबै गाउँपालिका तथा नगरपालिकाहरुमा १/१ जनाका दरले सूचना प्रविधि अधिकृत (IT Officer) व्यवस्था गर्ने गरी यस कार्यक्रमको चालु आ.व. ०७४।७५ मा स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सबै स्थानीय तहलाई बजेट तथा कार्यक्रम पठाईसकेको व्यहोरा अवगत नै छ। सो सन्दर्भमा मिति २०७४।७।१७ को सचिवस्तरीय निर्णयानुसार सम्बन्धित स्थानीय तहले नै देहाय बमोजिमको शर्तहरुको अधिनमा रही सूचना प्रविधि अधिकृतको सेवा करार गरी सो को जानकारी यस कार्यक्रमको कार्यक्रम समन्वय ईकाईमा पठाउनु हुन अनुरोध छ।

१. साविकमा महा/उपमहा/नगरपालिका (सम्बन्धित महा/उपमहा/नगरपालिकाहरुको विवरण यसै साथ् संलग्न छ) हरुमा कार्यरत रहेका सूचना प्रविधि अधिकृतहरुको हकमा निजजरूलाई स्वीकृत TOR बमोजिम २०७५ अषाढ मसान्तसम्म कामकाज गर्ने गरी निरन्तरता दिने।

२. साविकका स्थानीय निकाय (जि.वि.स. र न.पा.) हरूमा रही ICT Volunteer को रूपमा काम काज गरेका र हाल स्थानीय तह वा यस कार्यक्रमको प्रादेशिक सहयोग ईकाईहरूमा खटाइएका सूचना प्रविधि अधिकृतहरूलाई स्थानीय तहले करार सम्झौता गरी कामकाजमा निरन्तरता दिन सक्ने|

३. बुँदा नं. १ र २ अनुसार करार सम्झौता हुने बाहेकका र सूचना प्रविधि अधिकृतपद रिक्त रहने स्थानीय तहहरूको हकमा, देहाय बमोजिम हुने गरी उम्मेदवारको छनौट प्रक्रिया अघि बढाई सेवा करार गर्ने।

क) आवेदन दिने प्रायोजनको लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने।

ख) उम्मेदवार छनौट तथा सिफारिसका लागी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा कम्तिमा ३ सदस्यीय (आवश्यकता अनुसार विषय विज्ञ रहने गरी) एक छनौट तथा सिफारिस समिति गठन गर्न सकिने|

ग) सूचना प्रविधि अधिकृतको शैक्षिक योग्यता लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications



फोनः ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np

Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc.IT, BSc.CSIT ) गरेको उपाधिलाई आधार मान्ने ।

घ) सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण (TOR) मिति २०७४/०३/२८को स्वीकृत सचिव स्तरीय निर्णयानुसार हुने (स्वीकृत TOR यसै साथ संलग्न छ) ।

ङ) छनौट तथा सिफारिस समितिले प्रकाशित गरेको योग्यताक्रम सुची (Roster) को आधारमा स्थानीय तहले सेवा करार गरी काममा लगाउने व्यवस्था मिलाउने ।

च) प्रकाशित सूचना अनुसार इच्छुक उम्मेदवारले रितपूर्वक सम्बन्धित स्थानिय तहमा तोकिएको मितिमा व्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरू, अनुभवका प्रमाणपत्रहरू राखी हुलाक, इमेल, फ्याक्स, स्वयम् उपस्थित भई आवेदन दिने व्यवस्था मिलाउने ।

छ) छनौट तथा सिफारिस समितिले छोटो सुची (Short list) देहायको मापदण्डका आधारमा प्राप्त आवेदन फारम हरू को जाँच गरी प्रकाशन गर्ने । छोटो सुची तयारीको लागि निम्नानुसार १०० पूर्णाङ्क कायम गरी कम्तिमा ५० अंक प्राप्त गर्ने आवेदनकर्तालाई मात्र Short list मा समावेश गर्ने:

| क्र.स. | सूचकहरु | पुर्णाङ्क |
|---|---|---|
| १ | **शैक्षीक योग्यता (सूचना अनुसारको न्यूनतम शैक्षीक योग्यताको आधारमा)** | ३० |
| १.१ | **अंक अंकित स्तर निर्धारण पद्दति भएका विश्व विद्यालयको हकमा** | |
| १.१.१ | ८०% वा सो भन्दा माथी प्राप्ताङ्क भएको वा सम्बन्धित विषयमा तोकिएभन्दा माथिल्लो शैक्षीक उपाधि भएको । | ३० |
| १.१.२ | ६५% देखी ७९.९९% सम्म प्रप्ताङ्क भएको | २४ |
| १.१.३ | ५५% देखी ६४.९९% सम्म प्रप्ताङ्क भएको | १८ |
| १.१.४ | ५५% भन्दा कम प्राप्ताङ्क भएको | १२ |
| १.२ | **अक्षर अंकित स्तर निर्धारण पद्दति (Letter Grading System) भएका विश्व विद्यालयको हकमा** | |
| १.२.१ | Cumulative Grading Point Average( ३.५ देखी ४ सम्म) वा सम्बन्धित विषयमा तोकिएभन्दा माथिल्लो शैक्षीक उपाधि भएको । | ३० |
| १.२.२. | Cumulative Grading Point Average( ३ देखी ३.५ भन्दा कम) | २४ |
| १.२.३ | Cumulative Grading Point Average( २.५ देखी ३ भन्दा कम) | १८ |
| १.२.४ | अन्य | १२ |
| २ | **कार्य अनुभव(सूचना अनुसारको न्यूनतम शैक्षीक योग्यता हासिल गरे पश्चात** | ४० |



फोन: ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np

| | | |
|---|---|---|
| २.१ | २ बर्ष भन्दा माथि सरकारी निकायमा IT क्षेत्रमा कार्य अनुभव भएको | ४० |
| २.२ | १ वर्ष भन्दा माथि | ३० |
| २.३ | १ वर्ष सम्म | २० |
| २.४ | कार्य अनुभव नभएको | १२ |
| **३** | **उम्मेदवारको स्थायी ठेगाना सम्बन्धि** | **२०** |
| ३.१ | स्थायी ठेगाना सम्बन्धीत स्थानीय तहमा भएमा | २० |
| ३.२ | स्थायी ठेगाना सम्बन्धीत स्थानीय तहको जिल्लामा भएमा | १६ |
| ३.३ | स्थायी ठेगाना सम्बन्धीत स्थानीय तहको प्रदेशमा भएमा | १२ |
| ३.४ | अन्य | ८ |
| **४** | **२ बर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunteer वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको भएमा** | **१०** |

ज) छनौट तथा सिफारिस समितिले उम्मेदवारको सिफारिस गर्दा मुख्य उम्मेदवार र सम्भव भएसम्म २ जना वैकल्पिक उम्मेदवारको सिफारिस गर्ने ।

झ) छनौट तथा सिफारिस समितिले सिफारिस गरेको उम्मेदवारलाई स्वीकृत TOR बमोजिम करार सम्झौता गराउने |

ञ) छनौट र सिफारिस प्रक्रियाका लागि प्रशासनिक खर्च आवश्यक भएमा सो को ब्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्ने |

ट) उम्मेदवार छनौट र करार सम्झौता सम्बन्धि थप विधि तथा प्रक्रियाहरू आवश्यक छनौट तथा सिफारिस समितिले प्रचलित कानुन बमोजिम आफै निर्धारण गर्न सक्नेछ |

४. मिति २०७३।०३।२८ को सचिवस्तरीय निर्णय अनुसार सूचना प्रविधि अधिकृतको पारीश्रमिक मासिक न्यूनतम रु ४०,०००।- उपलब्ध गराउने निर्णय भई उक्त रकम सम्बन्धित स्थानीय तहहरूमा पठाईसकिएकोमा देहायको भौगोलिक विवरण (निजामति सेवा ऐन बमोजिम) मा उल्लेख भए अनुसार आधारभूत पारिश्रमिकमा थप दुर्गम भत्ता समेत पाउने गरी पारिश्रमिक ब्यवस्थापन गर्ने ।



फोनः ४२५५७३८९, ४२५५७३६३, ४२५५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np

प. सं :-

च. नं. :-

सिंहदरवार, काठमाण्डौ ।

| भौगोलिक वर्गीकरण | वर्गीकरण अनुसारका जिल्लाहरु | वेसिक स्केल | दुर्गम भत्ता | जम्मा मासिक तलब |
|---|---|---|---|---|
| क | बझाङ, बाजुरा, दार्चुला, डोल्पा, हुम्ला, जाजरकोट, जुम्ला, कालिकोट, मनाङ, मुगु, मुस्ताङ, रोल्पा, रुकुम (पूर्वी भाग), रुकुम (पश्चिम भाग), संखुवासभा, सोलुखुम्बु, ताप्लेजुङ्ग। | ४०,००० | ७,५०० | ४७,५०० |
| ख | अछाम, अर्घाखाँचि, बैतडि, भोजपुर, डडेल्धुरा, दैलेख, दोलखा, डोटी, गुल्मी, खोटाङ, ओखलढुङ्गा, पाँचथर, पर्वत, प्यूठान, रामेछाप, रसुवा, सल्यान, तेह्रथुम। | ४०,००० | ५,००० | ४५,००० |
| ग | बाग्लुङ्ग, बर्दिया, दाङ्ग, धादिङ, धन्कुटा, गोरखा, ईलाम, कैलाली, कन्चनपूर, लम्जुङ, म्याग्दी, पाल्पा, सिन्धुली, सिन्धुपाल्चोक,सुर्खेत, स्याङ्जा, तनहुँ, उदयपूर। | ४०,००० | २,५०० | ४२,५०० |
| घ | बाँके, बारा, भक्तपूर, चितवन, धनुषा, झापा, कपिलवस्तु, कास्की, काठमाडौं, काभ्रे, ललितपूर, महोत्तरी, मकवानपूर, मोरङ, नवलपरासी (वर्दघाट सूस्ता पुर्व), नवलपरासी (वर्दघाट सूस्ता पश्चिम), नुवाकोट, पर्सा, रौतहट, रुपन्देही,सप्तरी, सर्लाही, सिराहा, सुनसरी। | ४०,००० | ० | ४०,००० |

५. सूचना प्रविधि अधिकृतहरुको सेवा करारका लागि समन्वय र सहजीकरण आवश्यक भएमा यस कार्यक्रम अन्तरगतका प्रादेशिक सहयोग ईकाईबाट सहयोग लिन सकिनेछ।

(रेशम लाल कडेल)
राष्ट्रिय कार्यक्रम व्यवस्थापक



फोनः ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np